ईमेलः- info.dcdolakha@supremecourt.gov.np

# दोलखा जिल्ला अदालत

चरिकोट,दोलखा

(प्रशासन शाखा)

प.स. ०८०।०८१

च.नं. ११९

मितिः२०८०।०४।१४

**विषय : वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धमा।**

जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ बमोजिम यस दोलखा जिल्ला अदालतमा नियुक्ति हुने वैतनिक कानून व्यवसायीको मिति २०८० साल साउन १ गते देखी पद-१(एक) रिक्त रहेको हुदा उक्त पदमा रहि काम गर्न इच्छुक कानून व्यवसायीले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रु १० को नगदी रसिद संलग्न राखी यस अदालतको प्रशासन शाखामा दरखास्त दिनु हुन मिति २०८०।०४।०९ को निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

१. पदः वैतनिक कानून व्यवसायी।

२. अवधि : २०८१ असार मसान्त सम्म।

३. मासिक पारिश्रमिकः तोकिए अनुसार।

४. प्रदान गर्नुपर्ने सेवाः- तोकिए अनुसार।

५. संलग्न गर्नु पर्ने कागजातहरुः

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

ख) कानूनमा स्नातक प्रमाण पत्रको प्रतिलिपि।

ग) अधिवक्ता प्रमाण पत्रको प्रतिलिपि।

घ) सम्वन्धित विषयमा तालिम भए सो प्रमाणपत्रको प्रतिलिपि।

६. छनौटको किसिमः अन्तर्वार्ता।

७. नियुक्ति लिन आउनु पर्ने अवधिः नियुक्तिका लागि छनौट भएको मितिले ७(सात) दिन भित्र।

८. वैतनिक कानून व्यवसायीले गर्नु पर्ने कामहरुः-

क) अदालतबाट तोकिएको असहाय, अशक्त, नाबालक वा आर्थिक रुपले बिपन्न पक्ष तथा थुनुवाहरुलाई कानूनी सहायता उपलव्ध गराउने।

ख) जिल्ला न्यायाधिश वा स्रेस्तेदारले तोकेको मुद्दामा निःशुल्क लिखत तयार गर्ने तथा बहस पैरवी गर्ने।

ग) कम्तीमा ७ दिनमा एक पटक कारागार भ्रमण गरी प्रतिवेदन दिने र थुनुवा कैदिहरुको लिखत तयार गर्ने तथा प्रतिरक्षा गर्नु पर्ने भए प्रतिरक्षा गर्ने।

घ) मिलापत्र हुनेमा असहाय पक्षको तर्फबाट मिलापत्रको दरखास्त लेख्नु पर्ने।

ङ) कार्यालय समय भित्र तोकिएको कार्यकक्षमा बसी नियमित रुपमा सेवा प्रदान गर्नु पर्ने।

च) अदालतबाट तोकिएका अन्य काम गर्नु पर्ने।

२०८०।४।१४

अन्चन भट्टराई

स्रेस्तेदार(उप-सचिव)